मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

"स्तनपान: बालबालिकालाई वरदान"

- आमाको दूधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौति दूधले बालबालिकालाई खोप सरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारीरिक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ ।
- बजारमा पाइने प्याकेट दूध वा फर्मुला आमाको दूधजस्तो पोषिलो हुँदैन ।
- त्यसैले बालबालिकालाई स्तनपान गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २८ ◆ अङ्क : २१३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० असार ६ गते बुधबार (Wednesday, June 21. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु. : ४/-

भुटानी शरणार्थीहरूको समस्याको दिगो समाधानको लागि आग्रह

झापा, साउन ५। नेपाल सरकारसहित विभिन्न दातृ निकायहरूले शिविरमा बस्दै आएका भुटानी शरणार्थीहरूको समस्याको दिगो समाधानको लागि पहल गरिदिन आग्रह गरेका छन् ।

मंगलबार विश्व शरणार्थी दिवसको अवसरमा मोरङको पथरीशनिश्चरे-१०स्थित शनिश्चरे शिविर व्यवस्थापन समिति तथा विभिन्न भातृ संगठनहरूको संयुक्त आयोजनामा आयोजित कार्यक्रमका वक्ताहरुले यस्तो आग्रह गरेका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका पथरीशनिश्चरे नगरपालिकाका प्रमुख मोहनप्रसाद तुम्बापोले भुटानी शरणार्थीहरूको वर्तमान समस्या समाधानका लागि नेपाल सरकारले चाँडोभन्दा चाँडो समाधान गर्न आग्रह गरे । उनले दातृ निकायहरूले उपलब्ध गराउँदै आएको सबै सुविधाहरु कटौती गरेको भन्दै नेपाल सरकारले तीन दशकदेखि निरन्तर शरणार्थी भएर बस्दै आएका शरणार्थीहरूको कानूनी रूपमा समस्याको सम्बोधन गर्न अनुरोध गरे । उनीहरूले अहिले नागरिकता र जन्मदर्ता नहुँदा व्यापार व्यवसाय गर्न, कर सम्बन्धी सेवा लिन जस्ता थुप्रै समस्याहरु भोगिरहेकाले सरकारले निकास निकाल्न सहज वातावरण बनाउनुपर्नेमा जोड दिए ।

सोही अवसरमा युएनएचसीआर, काठमाडौंकी प्रतिनिधि संगीता खतिवडाले युएनएचसीआर संस्था विभिन्न सरोकारवाला निकाय तथा संस्थाहरुसित समन्वय गरेर अगाडि बढिरहेको बताइन् । उनले शरणार्थीहरूको शिक्षा स्वास्थ्य, रोजगारी तथा जीविकोपार्जनको लागि सरकारका तीनै तहबाट सहयोग भइरहेको जानकारी दिइन् । शनिश्चरे शिविर व्यवस्थापन समितिका अध्यक्ष चम्पासिंह राईले स्वदेश फिर्ता वा नेपालमै स्थायी बसोबासका लागि नेपाल सरकार समक्ष आग्रह गरे ।

उक्त अवसरमा पथरीशनिश्चरे नगरपालिकाका उपप्रमुख देवीमाया काफ्ले, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद खरेल, शिक्षा शाखा प्रमुख शालिग्राम काफ्ले, आम्दा नेपालका प्रमुख सुमन नेपाल, कारितास नेपालका देवेन्द्र पौडेल, शिविर प्रमुख किशोर आचार्य, लुथरन विश्व महासंघका साइक्षा नेपाल, इलाका प्रहरी कार्यालय पथरीका प्रमुख डीएसपी लक्ष्मी भण्डारी, वडा नं. १०का वडासचिव सरोज भट्टराई लगायतको उपस्थित रहेको थियो । शिविर व्यवस्थापन समितिका अध्यक्ष राईको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन शिविर व्यवस्थापन समितिका सल्लाहकार पुरूषोत्तम ढुंगेलले गरेका थिए ।

उक्त अवसरमा इलाका प्रहरी कार्यालय पथरीका प्रमुख डीएसपी लक्ष्मी भण्डारीले साईबर क्राइम तथा लागूऔषध दुर्व्यसनी विरुद्ध प्रहरीले सचेतना अभियान सञ्चालन गरिरहेको जानकारी दिए । कार्यक्रममा विभिन्न अतिथिहरूले सांस्कृतिक कार्यक्रम तथा अन्य विधामा उत्कृष्ट स्थान हासिल गर्ने बालबालिकाहरूलाई पुरस्कृत गरिएको थियो ।

मुस्लिम बालबालिका संस्कृत पढ्दै

मोरङ, असार ५। फरक संस्कृति र परम्परा भए पनि मुस्लिम समुदायका बालबालिकामा संस्कृतमा मोह बढेको छ ।

विराटनगर-७स्थित गायत्री संस्कृत माविमा चार सय बिद्यार्थी अध्ययनरत् छन् । संस्कृत विषयको भाषा, साहित्य र योगशास्त्र अध्ययनअध्यापन हुने मोरङको यो पहिलो विद्यालयमा ४० मुस्लिम समुदायका बालबालिका विभिन्न कक्षामा अध्ययनरत् छन् ।

ती बालबालिका इस्लाम धर्मावलम्बी भए पनि हिन्दू धर्मको संस्कृति र परम्पराबारे जानकार छन् । स्वस्तिवाचनदेखि संस्कृतका विभिन्न मन्त्र जप्न र गायत्री मन्त्र पढ्न बालबालिका पोख्त छन्, उनीहरू संस्कृत भाषा बोल्न पनि सक्छन् । विराटनगर-७ हरियाली टोलका सलमान शेख सोही विद्यालयमा कक्षा ८मा अध्ययन गर्छन् । उनलाई ठूलो भएपछि आचार्य बन्ने रहर छ । संस्कृत भाषाप्रति अत्यन्तै लगाव भएको शेख बताउँछन् । उनी भन्छन्- संस्कृत सबै भाषाको जननी हो । मलाई संस्कृत भाषा सबैभन्दा सजिलो लाग्छ । संस्कृतले नैतिकता र शुद्ध आचरण सिकाउने गरेको छ । उनले घरमा आफ्ना बाबुआमालाई विद्यालयमा पढेको र सिकेको संस्कृत भाषा, व्याकरण र मन्त्रोच्चारण सुनाउने गरेको बताए ।

आफरोज शेखले छोरा सलमान सानैदेखि आध्यात्मिक प्रवृत्तिको रहेको बताए । उनले आफू सबै धर्मको सम्मान गर्ने व्यक्ति भएकाले छोरा सलमानलाई संस्कृत विद्यालयमै भर्ना गराएको बताए । संस्कृतको जग बसाल्न सकियो भने जस्तोसुकै दुःख र परिस्थितिको सामना गर्न सक्षम हुने बुबा अफरोजको ठम्याइ छ ।

कक्षा ४मा अध्ययनरत् सुहाना खातुनले संस्कृतले विद्यार्थीलाई अनुशासित बनाउने बताइन् । कक्षा ४मै अध्ययनरत् अतिसा खातुनले पनि फरक धर्म मान्ने भए पनि संस्कृत अध्ययन गर्दा आफ्नै समुदाय र समाजले पनि प्रोत्साहन गरेको उल्लेख गरिन् । ठूलो भएपछि नर्स बन्ने चाहना बोकेकी अतिसाले संस्कृत जान्ने व्यक्तिलाई कुनै पनि विषय गाह्रो नलाग्ने बताइन् ।

प्राचार्य चूडामणि नेपालले विद्यालयमा चार सय बिद्यार्थी अध्ययनरत् रहेको बताए । उनले विद्यालयमा ४० मुस्लिम समुदाय र ३० दलित समुदायका विद्यार्थीले पनि संस्कृत भाषा अध्ययन गरिरहेको उल्लेख गरे । प्राचार्य नेपालले मुस्लिम र दलित समुदायका बालबालिकाको संस्कृत भाषाप्रतिको रुचीमा वृद्धि भएको बताए ।

दलित समुदायकी बालिका कुमकुम मरिकले सानैदेखि छिमेकी घरको हजुरआमाले संस्कृतमा रामायण र महाभारत पाठ गरेको देखेर आफूमा पनि संस्कृत पढ्ने मोह बढेको बताइन् । उनले विद्यालयमा संस्कृत भाषा र साहित्यका साथै विभिन्न कर्मकाण्डका मन्त्र पनि पढाइने हुँदा संस्कृत रोचक लाग्ने गरेको चर्चा गरिन् । ठूलो भएपछि डाक्टर बन्ने र देश सेवा गर्ने मरिकको लक्ष्य छ ।

फरक-फरक धर्म र संस्कृति मान्ने समुदायका बालबालिकाको संस्कृत पढ्ने चाहनाले मुलुकमा धार्मिक सौहार्द्रताको उदाहरण पेश गरेको संस्कृत शिक्षक बलराम कोइरालाले बताए ।

चार लाख घुससहित सडकका तीन कर्मचारी पक्राउ

दमक, असार ५। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ग्रामीण सडक सुधार आयोजना कार्यान्वयन इकाई दमक झापामा कार्यरत आयोजना व्यवस्थापकसहित तीन कर्मचारीलाई रु. चार लाख घुस रकमसहित पक्राउ गरेको छ ।

आयोगका प्रवक्ता भोला दाहालका अनुसार आयोगको टंगाल र इटहरीबाट गएको संयुक्त टोलीले आयोजना व्यवस्थापक हुतराज चौहान, इञ्जिनियर रवीन्द्रकुमार शर्मा र लेखापाल हिमाल पौडेललाई घुससहित कार्यालय परिसरबाटै पक्राउ गरेको हो ।

सडक निर्माणका लागि अन्तिम बिल भुक्तानीका लागि सहजीकरण गरिदिए वापत उनीहरुले निर्माण व्यवसायीबाट घुस लिएको अवस्थामा नियन्त्रणमा लिइएको र थप अनुसन्धान भइरहेको प्रवक्ता दाहालले जानकारी दिए ।

स्रोत नखुलेको १५ लाख बोक्दा..

सर्लाही, असार ५। मलंगवा नगरपालिका-८ गोरखकाली चोकबाट स्रोत नखुलेको १५ लाख ५० नेपाली रूपैयाँ र २ हजार ६ सय ४० भारतीय रूपैयाँसहित २ जनालाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा मलंगवा नगरपालिका-४ बस्ने ३५ वर्षीय विसुन्द्रप्रसाद चौधरी र सोही नगरपालिका-२ बस्ने ४० वर्षीय नागेन्द्र ठाकुर रहेका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाही र प्रहरी चौकी गोरखकालीबाट खटिएको संयुक्त प्रहरी टोलीले भारतको सोनबर्षाबाट नेपालतर्फ आउँदै गरेको बीआर ३० एस २०८६ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो ।

प्रदेशका मन्त्रीसहित तीन जनाको मृत्यु

झापा, असार ५। बझाङमा भएको गाडी दुर्घटनामा परेर घाइते भएका सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री पृथ्वीबहादुर सिंहको निधन भएको छ ।

सिंहसहित यो दुर्घटनामा ज्यान गुमाउने तीन जना पुगेका छन् । दुर्घटनामा घाइते भएकी मन्त्री सिंहकी श्रीमती अमृतादेवी सिंह र भाउजू जयादेवी सिंहको यसअघि बझाङमै मृत्यु भएको थियो । दुर्घटनामा घाइते भएका मन्त्री सिंहको उपचारका क्रममा कोहलपुर मेडिकल कलेजमा मृत्यु भएको सुदूरपश्चिमका प्रहरी प्रमुख डीआईजी भरत बोहराले जानकारी दिए । मन्त्री सिंहलाई उपचारका लागि बझाङबाट हेलिकप्टरमा नेपालगञ्ज ल्याइएको थियो । सिंहसँगै नेपालगञ्ज ल्याएका चालक धर्मराज जोशी र सुरक्षागार्ड दीपक भण्डारीको भने उपचार भइरहेको छ ।

मन्त्री सिंह चढेको सुदूरपश्चिम प्रदेश ०१-००१ झ ४८० नम्बरको जीप धनगढीबाट बझाङ जाँदै गर्दा केदारस्यूँ गाउँपालिकामा दुर्घटनामा परेको थियो ।

सवारी चेकजाँच गर्दा दुई प्रहरी घाइते

झापा, असार ५। झापामा सवारी चेकजाँच गरिरहेका दुईजना प्रहरी भारतीय कारको ठक्करबाट घाइते भएका छन् ।

बिर्तामोड-६ बुट्टाबारीमा चेकजाँच गरिरहेका अस्थायी प्रहरी चौकी बुट्टाबारीका दुईजना प्रहरीलाई पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको डब्लूबी ७४एए १७९४ नम्बरको भारतीय कारले ठक्कर दिएको हो ।

ठक्करबाट सहायक हवल्दार शिवनारायण महतो र प्रहरी जवान दीपेन्द्र गुरुमैता घाइते भएका छन् । उनीहरुको वीएण्डसी हस्पिटलमा उपचार भइरहेको छ । दुर्घटनापछि कार चालक फरार रहेको र उनको खोजी भइरहेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी सुरज कार्कीले बताए । अगाडि एउटा सवारीसाधनलाई चेकजाँच गरिरहेका बेला पछाडिबाट आएको सो कारले ठक्कर दिएको जनाइएको छ ।

लायन्स बिर्तामोडमा संगीता

बिर्तामोड, असार ५। लायन्स क्लब अफ बिर्तामोडको अध्यक्षमा संगीता रौनियार चयन भएकी छन् । सन् २०२३-०२४का लागि उनी अध्यक्षमा चयन भएकी हुन् ।

क्लबको निर्वतमान अध्यक्ष बलराम कार्की, प्रथम उपाध्यक्ष निकेशकुमार गट्टानी, द्वितीय उपाध्यक्ष कुशल खतिवडा, तृतीय उपाध्यक्षमा प्रदीप खरेल चयन भएका छन् । सचिवमा कृष्णप्रसाद बजगाई, सह-सचिवमा किरण थापा र कोषाध्यक्षमा घनेन्द्रराज खनाल चयन भएका छन् । क्लबको टेमर दीपेन्द्र राउतलाई चयन गरिएको लायन्स

क्लब बिर्तामोडका पूर्वअध्यक्ष गौरीशंकर गुप्ता टिङ्कुले जानकारी दिए ।

यी हुन् नेपालमा प्रतिबन्धित बलिउड फिल्म

काठमाडौं, असार ५। यतिबेला नेपालमा हिन्दी फिल्म 'आदिपुरुष'मा समावेश 'जानकी भारतकी छोरी हुन्' भन्ने आशयको संवादले ठूलो विवाद जन्माएको छ ।

यही संवादका कारण सोमबारबाट काठमाडौंसहित विभिन्न शहरमा फिल्मको प्रदर्शनमा प्रतिबन्ध लगाइएको छ । काठमाडौं र पोखरा महानगपालिकाले त फिल्मको सो संवाद भारतमा नसच्चाएसम्म सम्पूर्ण हिन्दी फिल्मको प्रदर्शन रोक्ने निर्णय नै गरेको छ ।

'आदिपुरुष' त केही शहरमा प्रतिबन्ध भएको हो । यसअघि केही भारतीय फिल्म नेपालमै प्रतिबन्ध भएका घटना पनि छन् । यसको सबैभन्दा ठूलो

घटनाको रुपमा अभिनेता ऋतिक रोशनको फिल्म 'मिसन कश्मीर'लाई लिइन्छ । सन् २००० मा यो फिल्म रिलिज भएको थियो । त्यसबेला ऋतिकले 'नेपाल र नेपाली मन पर्दैन' भनेको भन्दै देशका विभिन्न शहरमा ठूलो हुलदंगा मच्चिएको थियो ।

ऋतिक रोशनबिरुद्ध भएको प्रदर्शनमा २ जनाको ज्यान समेत गयो । जनताको आक्रोशलाई शान्त पार्न त्यसबेला सरकारले 'मिशन कश्मीर' सहित ऋतिकको सबै फिल्ममाथि नेपालमा प्रतिबन्ध लगाएको थियो । पछि पत्रकार रवीन्द्र मिश्रले ऋतिकसँग बीबीसीका लागि अन्तर्वार्ता लिएका थिए । र, ऋतिकले आफूले नेपाल र नेपालीको बारेमा

(बाँकी अन्तिम पृष्ठमा)

शर्मालाई ९ बर्ष कैद, ४ अर्ब जरिवाना

झापा, असार ५। विशेष अदालतले कर फछ्यौंट आयोगका तत्कालीन पदाधिकारी चूडामणि शर्मासहित तीन जनालाई ९ वर्षभन्दा बढी कैद सजाय गरेको छ ।

शर्मा र उमेशप्रसाद ढकाललाई जनही ९ वर्ष तथा लुम्बध्वज महतलाई ९ वर्ष एक महिना कैद सजाय भएको छ । तीनै जनालाई जनही २ अर्ब ५ करोड २३ लाख ४८ हजार ९ सय ४९ रुपैयाँ बिगो र तीनै जनालाई जनही ४ अर्ब १० करोड ४६ लाख ९७ हजार ८ सय ९८ रुपैयाँ जरिवाना भएको विशेष अदालतले जनाएको छ ।

विशेष अदालतका न्यायाधीशहरु श्रीकान्त पौडेल, यमुना भट्टराई र शालिग्राम कोइरालाको इजलासले मंगलबार सजाय निर्धारण गरेको हो । यसअघिको सुनुवाइमा उनीहरूलाई दोषी ठहर गरिएको थियो ।

झापाबाट श्रम स्वीकृति लिने बढे, २८८३६ जना विदेशिए

झापा, असार ५। चालू आर्थिक वर्ष २०७९/०८०को दश महिनाको अवधिमा झापाबाट २८ हजार ८ सय ३६ जनाले श्रम स्वीकृति लिएर विदेश गएका छन् । जुन संख्या गतआर्थिक वर्ष २०७८/०७९को तुलनामा झण्डै दोब्बर हो ।

गतआर्थिक वर्षमा १३ हजार ५ सय ५८ जनाले झापाबाट श्रम स्वीकृति लिएका थिए । चालू आर्थिक वर्ष सकिन दुई महिना बाँकी रहेकाले संख्या दोब्बर पुग्ने सुरक्षित आप्रवासन सामी कार्यक्रमका

संयोजक फणिन्द्रप्रसाद दाहालले जानकारी दिए ।

उनका अनुसार साउन महिनामा ३ हजार ५१, भदौंमा ३ हजार ४ सय १४, असोजमा २ हजार ४ सय ८५, कात्तिकमा ३ हजार ४ सय ७३, मंसीरमा २ हजार ९ सय ९१, पुसमा २ हजार ७ सय ८, माघमा २ हजार ८ सय ४१, फागुनमा २ हजार ७ सय ३५, चैतमा २ हजार ८ सय २३ र बैशाखमा २ हजार ३ सय १५ गरी कूल २८ हजार ८ सय ३६ जनाले झापाबाट श्रम स्वीकृति लिएर विदेश गएका छन् । सुरक्षित आप्रवासन सामी कार्यक्रम सुरक्षित वैदेशिक रोजगारीका लागि सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रममा झापाको मेचीनगरमा कार्यक्रम संयोजक दाहालले प्रस्तुत गरेको प्रतिवेदनमा उक्त कुरा उल्लेख छ ।

आर्थिक वर्ष २०७८/०७९मा श्रम स्वीकृति लिएर वैदेशिक रोजगार जानेको संख्याको आधारमा पहिलो धनुषा र दोस्रो झापा जिल्ला रहेको प्रस्तुत

(बाँकी अन्तिम पृष्ठमा)

फ्ल्याट भाडामा

कार्यालय तथा आवासका लागि व्यवस्थित फ्ल्याट भाडामा ।
सुरक्षित कम्पाउण्ड र पार्किङसहित ।
बाल्मीकि स्कूल बिर्तामोड छेऊ
मो. ९८२३७२६९७९

२५ विद्यार्थीलाई निःशुल्क स्काउट पोशाक

शिवगञ्ज, असार ५। रुद्र-गौरी श्री अम्बिका ओली प्रतिष्ठानले झापाको शिवगञ्जस्थित जनआदर्श माध्यमिक विद्यालयको दोश्रो व्याजको स्काउट 'ट्रुप' लाई निशुल्क स्काउट पोशाक वितरण गरेको छ ।

शिवसताक्षी नगरपालिका वडा नम्बर ६मा रहेको सो विद्यालयका २५ जना विद्यार्थीलाई पोशाक वितरण गरिएको प्रतिष्ठानले जनाएको छ । छात्रलाई सर्ट, पेन्ट, मोजा जुत्ता प्रदान गरिएको छ भने छात्रालाई 'स्कट' सर्ट, जुत्ता र मोजा प्रदान गरिएको प्रतिष्ठानका केन्द्रीय कोषाध्यक्ष यज्ञप्रसाद (गोपाल) ओलीले बताए ।

सो विद्यालयमा अतिविपन्न वर्गका छात्राछात्र अध्ययनरत् छन् । आदिबासी जनजाति, मधेसी, दलित समुदायका विद्यार्थीको बाहुल्य रहेको विद्यालयमा ०७८ देखि स्काउट 'ट्रुप' गठन भएको थियो । दाता संस्थाका केन्द्रीय कोषाध्यक्ष ओलीले भने- 'हाम्रो कार्यक्रमबाट लक्षित वर्गका विद्याथी लाभान्वित हुन सकून् भन्ने थियो । विद्यार्थीको छनौट र उनीहरुको अवस्था हेर्दा संस्थाको उद्देश्य पूरा भएको छ ।'

कार्यक्रममा शिवसताक्षी नगरपालिका-६का वडाध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि मनोज खुलालले स्काउटले विद्यार्थीहरूको भविष्य पनि उज्ज्वल बनाउने भएकोले दत्तचित्त भएर लाग्न विद्यार्थीलाई अनुरोध गरे ।

'स्काउटले शारीरिक, मानसिक र शैक्षिकका योगदानका साथै विद्यार्थीको सर्वाङ्गीण विकासमा पनि सहयोग पुऱ्याउने हुँदा बेलैदेखि स्काउटका हरेक गतिविधिमा समाहित हुनुहोस् । वडाले आर्थिक रुपमा सहयोग गर्नेछ- उनले भने । त्यस अवसरमा विद्यालय परिवारले दाता प्रतिष्ठानको रचनात्मक सहयोगको कदर गर्दै कोषाध्यक्ष यज्ञप्रसाद (गोपाल) ओलीलाई सम्मान गरेको थियो ।

कार्यक्रममा उद्योग वाणिज्य संघ शिवसताक्षीका अध्यक्ष यामनाथ काफ्ले, छिमेकी बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी प्रमुख नरप्रसाद (नवीन) ओली, उपाध्यक्ष मोहन मैनाली, जनआदर्श माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन तिम्सिना, शिक्षक अभिभावक संघका अध्यक्ष छविलाल गुरागाँई, समाजसेवी नारायण ओली, सरस्वती प्राथमिक विद्यालयका पूर्वप्रधानाध्यापक गणेश घिमिरे लगायतको उपस्थिति थियो । प्रधानाध्यापक समेत रहेका जनआदर्श स्काउट ट्रुपका संरक्षक तुलसीप्रसाद अधिकारीको अध्यक्षता र सहायक प्रधानाध्यापक टीकाराम काफ्लेको स्वागत गरेको कार्यक्रमको सहजीकरण स्काउट मास्टर भक्ति काफ्लेले गरेका थिए ।

कमल-५मा रंगशाला बन्नुपर्नेमा जोड

कमल, आसार ५। संघीय सरकारका युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बूले गिरिजा बाबु, मदन भण्डारी, आदिवासी जनजाति या अन्य कुनै नाममा बने पनि कमल-५ मा निर्माणाधीन रंगशाला बन्नुपर्ने बताएका छन् ।

झापाको कमल-१को नवनिर्मित वडा कार्यालय भवनको उद्घाटनपछि बोल्दै मन्त्री लिम्बूले खेलकुदले नै देश अगाडि बढ्ने भएकोले जसरी पनि यो रंगशाला बन्नुपर्छ र म पनि यसमा लाग्ने छु- मन्त्री राईले भने ।

खेलबाट नै हाम्रा भाइभतिजालाई अगाडि बढाउन सकिन्छ । विश्वमा सानैदेखि खेलकुदमा करोडौ रुपैयाँ लगानी गरेको हुन्छ । उनीहरुले यसबाट धेरै फाइदा लिन्छन्, त्यसैले अब हामीले पनि खेलकुदका लागि हरेक ठाउँमा रंगशाला निर्माण गर्नुपर्ने मन्त्री लिम्बूले बताए । मन्त्री लिम्बूले सरकारी कार्यलयको भवन निर्माणका लागि यति धेरै जग्गा निःशुल्क प्रदान गर्ने जग्गादातालाई धन्यबाद दिए ।

कार्यक्रम कमल गाउँपालिका-१ नम्बर वडाका अध्यक्ष केदार कटुवालको अध्यक्षतामा भएको थियो ।

बाढीपहिरोले सात लघु जलविद्युत् गृह बगाएपछि...

ताप्लेजुङ, असार ५। ताप्लेजुङमा बाढीपहिरोले सात वटा लघु जलविद्युत् गृह बगाएको छ । गत शुक्रबार, शनिबार र आइतबार वर्षासँगै आएको बाढीपहिरोले लघु जलविद्युत् गृह बगाएसँगै मैवाखोला र याम्फुदिनका वासिन्दा अन्धकारमा बस्न बाध्य छन् ।

मैवाखोला गाउँपालिकाका विभिन्न क्षेत्रमा रहेका पाँच वटा लघु जलविद्युत् आयोजना आइतबार राति गएको बाढीले बगाउँदा पूरै गाउँपालिका अन्धकार भएको हो । बाढीले वडा नं. ३ र ४मा रहेका लघु जलविद्युत् आयोजनामध्ये केहीको पावर हाउस नै बगाएको छ भने केहीको पानी ट्याङ्की र केहीको पूरै संरचना बगाएर लगेको छ ।

गाउँपालिकाका अध्यक्ष विजयप्रकाश वनेमका अनुसार ६० प्रतिशत घरपरिवारमा विद्युत् जडान भएको थियो तर बाढीले पाँच वटा लघु जलविद्युत् गृह नै बगाएपछि गाउँपालिकामा बसोबास गर्ने समुदाय अन्धकारमा बस्न बाध्य भएका छन् । वडा नं. ४मा रहेको १८ किलोवाटको लोदम्बा हाइड्रो पहिरोले बगाएको छ । त्यस्तै ३६ किलोवाटको याम्फेवा हाइड्रो पावर हाउसमा क्षति पुगेको छ भने ३२ र ६४ किलोवाटको माइमाया-१ र मइमाया-२को माइक्रो हाइड्रोमा पनि पूर्णरूपमा क्षति पुगेको गाउँपालिकाका अध्यक्ष वनेमले जानकारी दिए ।

त्यही क्षेत्रमा रहेको १५ किलोवाटको ठाडेखोला लघु जलविद्युत् आयोजना पूर्णरूपमा बगाएको छ । अहिले गाउँमा मोबाइल तथा विद्युतीय सामग्री पूरै बन्द भएका छन् । दिउँसो घाम लाग्दा मात्र मोबाइलमा नेटवर्क आउने बेलुका भएपछि नेटवर्कसमेत नआउँदा सञ्चारसम्पर्कमा समेत समस्या भएको उनको भनाइ थियो । अध्यक्ष वनेमले भने- गाउँपालिकामा सञ्चलनमा रहेको पाँच वटा लघु जलविद्युत् पहिरोले बगाएपछि अहिले गाउँपालिका अन्धकार भएको छ । कार्यालयमा विद्युत् नभएकाले सेवा प्रवाह गर्नसमेत कठिन भएको छ ।

त्यस्तै सिरिजङ्घा गाउँपालिका-८ याम्फुदिनमा दुईवटा लघु जलविद्युत् बाढीले बगाएको छ । तुम्या खोलाबाट निकालिएको आठ किलोवाट क्षमताको विद्युत् गृह बाढीले पूरै बगाएको सिरिजंघा गाउँपालिका-८ याम्फुदीनका वडाध्यक्ष कृष्ण गुरुङले बताए । उनका अनुसार कावेली खोलाबाट उत्पादन हुने १५ किलोवाट क्षमताको लघुविद्युत् गृहमा समेत क्षति गरेकाले अहिले गाउँ पूरै अन्धकार भएको छ । उक्त वडालाई याम्फुदिन नामले चिनिन्छ । त्यस गाउँमा एक सय ७० घरपरिवार बसोबास गर्दै आएका छन् ।

दुई विद्युत् गृहले याम्फुदिनलाई उज्यालो दिँदै आएको थियो । गत शुक्रबार दुईवटा विद्युत् गृह नै बाढीले बगाएसँगै गाउँ अन्धकार बनेको याम्फुदिन प्रहरी चौकीका हवल्दार विनोद उरावले बताए ।

अर्जुनधारामा शिक्षकलाई क्षमता विकास तालिम

अर्जुनधारा, असार ५। अर्जुनधारा नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाले दुई दिने आईईएमआईएस सम्बन्धी क्षमता विकास तालिम सम्पन्न गरेको छ ।

विद्यालयको वार्षिक परीक्षापछि सम्पूर्ण विवरण भर्ने एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी नगरले प्रहिलो चरणमा प्राबि तहका प्रधानाध्यापक र एक श्रोत शिक्षकसहित २३ जनालाई प्रयोगात्मक कक्षासहित सहजीकरण गरेको थियो ।

सही तथ्यांक नभरिँदा विद्यालयको विकास र नगर, प्रदेश र संघबाट पाउने सुविधा समेत नपाउने स्थिति रहने भएकाले सबै क्षेत्रहरु प्रविधिमय हुँदैगर्दा शिक्षा क्षेत्र अनिवार्य हुनुपर्ने शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख उपसचिव तोयानाथ रेग्मीले बताए ।

कार्यक्रम शनिश्चरे माबिको प्राविधिक सहयोगमा सञ्चालन भएको थियो । कार्यक्रममा सहजकर्ता हरि तामाङ र प्राविधिक निखिल तिवारी रहेका थिए । तालिम फलदायी रहेको जुनकिरी प्राविका प्रधानाध्यापक रञ्जित परियार र श्री प्राविका प्रधानाध्यापक सुजाता शिवाकोटीले बताए ।

शाखा अधिकृत सुनिता भट्टराईले स्वागत गरेको कार्यक्रमको सञ्चालन प्राविधिक सहायक सुमिरा दाहालले गरेकी थिइन् ।

चलचित्र निर्देशन गर्दै जेम्स

नेपाली गीतसङ्गीतमा गायक जेम्स प्रधान स्थापित नाम हो । तीन दशकदेखि गायनसँगै सङ्गीतकार, एरेन्जर, गीतकार, विज्ञापन निर्माताका रुपमा परिचित प्रधान निर्देशक पनि बनेका छन् । छोटो चलचित्र 'सर्ट टर्म मेमोरी लस' मार्फत निर्देशकीय यात्राको प्रारम्भ गरेका उनले ठूलो पर्दाका लागि चलचित्र निर्देशन गर्ने योजना सुनाए ।

यी छोटा चलचित्रको निर्देशनलाई खुड्किलोका रुपमा बुझ्न सक्नुहुनेछ । किनकि म फरक फरक काममा आफूलाई प्रस्तुत गर्न चाहन्छु- गायक प्रधानले भने- मैले कागजमा धेरै कथा कोरिसकेको छु, त्यसलाई मूर्तरुप भने दिन सकेको छैन । निकट भविष्यमा मेरो निर्देशकीय क्षमतालाई ठूलो पर्दामा समेत प्रस्तुत गर्न चाहन्छु ।

यी हुन् ...

कहींकतै केही नबोलेको प्रष्टीकरण दिएका थिए ।

नेपालमा भारतीय फिल्म प्रतिबन्ध भएको अर्को ठूलो घटना पनि छ । सन् २००९मा बलिउड अभिनेता अक्षय कुमार स्टारर फिल्म 'चाँदनी चोक टु चाइना'लाई नेपाल सरकारले नै प्रदर्शनमा प्रतिबन्ध लगाएको थियो । फिल्ममा 'गौतम बुद्ध भारतमा जन्मिएका हुन्' भन्ने संवाद थियो । यही संवादका कारण पुष्पकमल दाहाल नेतृत्वको सरकारले नेपालमा उक्त फिल्मको प्रदर्शन नै रोकेको थियो ।

सूचना मन्त्रालयका तत्कालिन प्रवक्ता नारायणप्रसाद रेग्मीले 'चाँदनी चोक टु चाइना'को प्रदर्शन प्रतिबन्धबारे भनेका थिए, 'हामीले पूरै नेपालमा फिल्मको प्रदर्शनमा प्रतिबन्ध लगाएका छौं । सेन्सर बोर्डले प्रदर्शनका लागि अनुमति दिनुभन्दा अगाडि विवादास्पद संवाद हटाउन लगाएको थियो । तर, मानिसको भावनालाई मध्यनजर गर्दै हामीले फिल्मको प्रदर्शनमा नै प्रतिबन्ध लगाएका छौं ।'

सन् २०११मा फिल्म 'देली बेली' पनि केही दिन नेपालमा प्रतिबन्ध भएको थियो । यो फिल्मको अश्लील संवादलाई लिएर काठमाडौं जिल्ला प्रशासनले प्रदर्शन रोक्न निर्देशन दिएको थियो । पछि उक्त संवाद संशोधित भएपछि नेपालमा फिल्म पुनः प्रदर्शन भएको थियो । सन् २०१३मा अश्लील दृश्य र संवादका कारण अर्को बलिउड फिल्म 'मस्ती'लाई पनि नेपालमा चलाउन दिइएको थिएन ।

झापाबाट ...

प्रतिवेदनमा उल्लेख छ । तर, वैदेशिक रोजगारीमा जाने महिलाको संख्याका आधारमा झापा पहिलो हो । संयोजक दाहालका अनुसार चालूआर्थिक वर्ष २०७९/०८० मा वैदेशिक रोजगार बोर्डबाट विदेशमा मृत्यु भएका झापाका ३७ जनाले क्षतिपूर्ति प्राप्त गरेका थिए । त्यसमा मेचीनगरका दुई जना रहेका छन् ।

जनसंख्याको आधारमा झापाको २ लाख ४५ हजार १९ घरधुरीमध्ये ६९ हजार ८ सय २४ घरधुरीबाट विदेश गएका छन् । मेचीनगरको ३२ हजार ६ सय ९५ घरधुरीमध्ये ९ हजार ३ सय २६ घरधुरीबाट १३ हजार ६ सय ४४ जना भारतलगायत अन्य मुलुक गएका छन् । त्यसमा ९ हजार ७ सय १६ पुरूष र ३ हजार ४ सय २८ जना महिला रहेका छन् । २०७८ सालको जनगणना अनुसार मेचीनगर नगरपालिकाको जनसंख्या १ लाख ३३ हजार ७३ जना रहेको छ । त्यसमध्ये काम गर्ने उमेर समूहका २०देखि ५९ वर्ष उमेरका ७४ हजार ४ सय ५३ जना छन् ।

यसरी मेचीनगरबाट वैदेशिक रोजगारका लागि हजारौं जनशक्ति बाहिरिँदा भारतबाट मात्र ६० प्रतिशत श्रमिक यहाँ आउने गरेका छन् । कवाडी, यातायातका ग्यारेज, टायल्स, भवन निर्माण लगायत थुप्रै काम गर्न भारतीय आउने गरेको तथ्यांकमा उल्लेख छ । मेचीनगरमा सुरक्षित आप्रवासन सामी कार्यक्रमका विषयमा कार्यक्रम संयोजक फणिन्द्रप्रसाद दाहालले प्रस्तुतिकरण दिए । उनले सामी कार्यक्रम अन्तर्गत मेचीनगर नगरपालिकाको गतिविधिका विषयमा प्रतिवेदन प्रस्तुत गरेका थिए ।

वित्तीय साक्षरता कक्षाको सम्पन्नता, रिटर्नी स्वयम्सेवकहरूलाई निरन्तर घरदैलो र सूचना प्रदान, मनोसामाजिक परामर्शकर्तासँगको निरन्तर केश पहिचान र परामर्श सेवा प्रदान भइरहेको बताइएको छ । समुदायस्तरका चारवटा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको, प्राप्त भएका घटनाहरूको आर्थिक सहायता, उद्धार कानूनी सहायताको लागि सिफारिस र माइग्रेसन प्रोफाइलको तथ्यांक संकलन चलिरहेको संयोजक दाहालले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ । वैदेशिक रोजगारमा ठगी व्यक्तिगत र संस्थागत हुने गरेको छ । कार्यक्रमको अध्यक्षता गर्दै मेचीनगर उपप्रमुख मीना पोखरेल उप्रेतीले सामी परियोजनाका विषयमा स्पष्ट पारेकी थिइन् । कार्यक्रमको सञ्चालन नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत अनन्त प्रकाश वस्तीले गरेका थिए ।

आकर्षक घडेरीहरू विक्रीमा

धुलावारीको मुटुमा पूर्व-पश्चिम राजमार्गसँगै जोडिएको, बनिदै गरेको फाइभ स्टार होटलको प्राङ्गणमै, अति आकर्षक टुक्रा जग्गाहरु व्यवसायिक प्रयोजनको लागि विक्रीमा छन् । समयमै सम्पर्क गर्नुहोला ।

सम्पर्क: whatsapp/Viber
9617736764, 9824012718
Mobile: 9824012718

राधाकृष्ण मन्दिर भक्ति साधनाश्रम श्याम कुटी
कनकाई-४ कोटीहोमको

सूचना ! सूचना !! सूचना !!!

राधाकृष्ण मन्दिर भक्ति साधनाश्रम श्याम कुटी कनकाई-४ कोटीहोमको यसअघि असार ८ गते शुक्रबारका दिन ११ बजे मन्दिर परिसरमा अधिवेशन हुने भएकाले सम्पूर्ण सदस्य तथा सरोकारवालाहरुलाई उपस्थित भई दिनहुन अनुरोध गर्दछौं ।

सचिव : रोशन सुवेदी अध्यक्ष : सुरेशकुमार खरेल

भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
कोशी प्रदेश, नेपालको

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०।०३।०६

यस कार्यालयलाई आवश्यक पर्ने विद्यार्थी पोशाक तथा सिलाइ ज्याला समेत आपूर्ति सम्बन्धी पर्न आएको बोलपत्रहरुमध्ये तल उल्लेखित बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि आशय प्रकट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त कामका लागि सरोकारवाला व्यक्ति तथा फर्म वोलपत्र पेश गरेका अन्य सबै बोलपत्रदाताहरुलाई यसै सूचनाबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि समेत जानकारी गराइएको छ ।

तपसिल

क्र.सं.	बोलपत्र, ठेक्का कामको विवरण	स्वीकृतका लागि छनौट भएका बोलपत्र दाताको नाम, ठेगाना	बोलपत्रमा स्वीकृत रकम रु. (मु.अ. करसहित)	कै
१	विद्यार्थी पोशाकका सामान तथा सिलाइ ज्याला समेत खरिद सम्बन्धि	श्री सि.एच. गार्मेन्ट बिर्तामोड न.पा. वडा नं. ५ (भ्याट दर्ता नं ६१२८८४९४६)	२२,११,०००।-	

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
शाखा कार्यालय: विर्तामोड, झापा, फोन नं.: ०२३-५३५०३१

को

शाखा कार्यालय विर्तामोड, झापाको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०३/०६ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय वर्तामोड, झापाबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरतावकेता गार्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०७६/०७/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरि तरतावकेता गार्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, झापामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६९/०३/१४ मा प्रा.फ.र.नं. ६६५/३२७७ कायम भई दर्ता भएको झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. ३, स्थित **ज्योती ट्रेडर्स, प्रोप्राइटर : ज्योती कुमारी देव**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. गणेशी लाल देवको बुहारी, चिरन्जीवि प्रसाद देवको पत्नी, सप्तरी जिल्ला, विषहरिया गा.वि.स./न.पा.वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **ज्योती कुमारी देव (ना.प्र.प.नं. १०५, सप्तरी)**

२. कुसुम लाल देवको नाति, गणेशी लाल देवको छोरा, सप्तरी जिल्ला, विषहरिया गा.वि.स./न.पा.वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **चिरन्जीवि प्रसाद देव (ना.प्र.प.नं. १६२१३०३९, सप्तरी)**

धितोमा रहेको सम्पतिको विवरण

ज्योती कुमारी देवको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. १५ को क्षेत्रफल ३६५.०० (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

नोट: यो सूचना मिति २०८०/०३/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा समेत प्रकाशित गरिएको छ ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०३/०६ गते बुधवारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय विर्तामोड, झापाबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी बोलपत्र मिति २०८०/०३/२० गते बुधवार कार्यालय समय भित्र शाखा कार्यालय विर्तामोड, झापामा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०३/२१ गते बिहीवार दिउँसो ४:०० बजे शाखा कार्यालय विर्तामोड, झापामा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय विर्तामोड, झापाबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

८. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खट्टाखुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय विर्तामोड, झापामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९५९०२९५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

स्वाभिमानप्रति गौरव गरौं

मनोरञ्जनको प्रभावकारी माध्यम चलचित्र हो । यसले एकातिर मनोरञ्जन दिन्छ भने अर्कातिर नैतिक शिक्षा पनि । नेपालमा चलचित्र निर्माण तथा प्रदर्शनको इतिहास त्यति पुरानो छैन । जब भारतीय चलचित्रहरु निर्माण हुन थाले तब हाम्रा शहरी क्षेत्रहरुमा प्रदर्शन गृह बनाइए । त्यसपछि बनिएका सिनेमा घरहरुमा हिन्दी भाषामा बनेका चलचित्रहरु प्रदर्शन हुन थाले, जो आजका दिनसम्म प्रमुख दृष्य सामग्री हुने गरेको छ । निर्माण भएका चलचित्रहरु कहिलेकाहीँ विवादित पनि हुने गरेका छन् । जसका कारण चलचित्र निर्माताहरुले ठूलो आर्थिक क्षति समेत व्यहोर्नु परेको छ । पछिल्लो पटक यही महिनामा प्रदर्शनमा आएको हिन्दी चलचित्र विवादमा परेको छ । त्रेतायुगका मूल चरित्र भगवान श्रीराम, सीता, हनुमान लगायतका हिन्दू धर्मका आदर्श पुरुषहरुलाई तथ्य, इतिहास र सनातनी मान्यता विपरीत संवाद बोल्न लगाइएर हिन्दू संस्कार र संस्कृतिको बदनाम गरिएको भन्दै प्रदर्शनमै रोक लाग्ने अवस्था बनाइएको छ ।

सर्वाधिक नगद राशिको लगानी रहेको भनिएको 'आदिपुरुष'को सर्वत्र आलोचना भइरहेको छ । नेपालकी आदर्श छोरी सीतालाई भारतीय छोरी भनेर चलचित्रका संवाद लेखक मनोज मुन्तसिर हिन्दूवादी भारतीयको समेत आलोचना खेप्दै छन् । विवादकै क्रममा उनले सञ्चारमाध्यमसँग कुरा गर्दै नेपाललाई भारतकै भू-भाग रहेको बताएपछि अझै विवाद, आलोचना खेपिरहेका उनले नेपालको अस्मिता माथि नै आक्रमण गरेको नेपालीका लागि सहय हुने कुनै भएन । चलचित्रमा भएका कतिपय संवादहरु राष्ट्रियता, राष्ट्रिय अखण्डता, स्वाभिमान, सार्वभौम सत्तामा आँच आउने भएकाले काठमाडौं महानगरका प्रमुख बालेन शाहले प्रदर्शनमा रोक लगाए । त्यसलगत्तै पोखरा र धरानमा समेत प्रदर्शनमा रोक लगाइयो । भारतमै पनि अत्यन्त आलोचना हुँदै प्रतिबन्ध लगाउनुपर्छ भन्ने जनमत व्यापक हुन थालेको सन्दर्भमा नेपाल सरकार भने बेखबर जस्तै हुनु नेपालीको स्वाभिमान, सांस्कृतिक एकताको विपरीत र निरीहता पराकाष्टा हो ।

देवी सीतालाई हामीले राष्ट्रिय विभूति स्वीकार गरेका छौं । भारतकै महारानी वृषभानुले सीताको जन्मस्थलमा नौलखा मन्दिर निर्माण गराएको इतिहास पढेका सचेत नेपाली सांस्कृतिक अतिक्रमण गरेको विषयप्रति गम्भीर हुनुपर्छ । महानगर प्रमुख बालेनले काठमाडौं महानगरमा कुनै पनि भारतीय चलचित्र प्रदर्शनमा रोक लगाएपछि उक्त चलचित्रको नेपाल वितरक कम्पनीले देशभर प्रदर्शन नगर्ने भएको छ । इतिहासलाई बङ्ग्याउने, आफू अनुकूल बनाउने अधिकार कसैलाई पनि छैन । तसर्थ, भारतीय पक्षको हेपाह प्रवृत्तिबिरुद्धको आक्रोश नेपाली जाति, राष्ट्रिय एकता, स्वतन्त्रता र स्वाभिमानप्रतिको गौरव गान हो । त्यसैले पनि पराधीनता नव्यहोरेका नेपाली राष्ट्रिय हितमा विभाजित हुनुहुँदैन ।

नागरिकमैत्री 'नेपाल प्रहरी'

दिनेशराज मैनाली

साक्षीले अदालतमा सत्य नबक्न पनि सक्छन्, तर प्रविधिले जहिले पनि, जहाँ पनि सत्य नै र सही समयमै घटना भएको, घटनामा संलग्न व्यक्ति तथा साधनको बारेमा समेत जानकारी दिने गर्छ ।

पीडितलाई न्याय र पीडकलाई सजाय दिलाउने पुनित कार्यमा अग्रपंक्तिमा अहोरात्र खटिने नेपाल प्रहरी सङ्गठनमा कार्यरत अनुसन्धान अधिकृतलाई समय-समयमा पीडितलाई न्याय दिलाउन नसकिने पो हो कि, पीडक छुट्ने पो हो कि र निरपराध व्यक्ति दोषी करार हुने पो हो कि भन्ने त्रासले सदैव सताइरहेको हुन्छ ।

९९ जना अपराधी छुटे पनि अनुसन्धानलाई निरन्तरता प्रदान गर्दै पुनः सजाय दिलाउन पहल गरौंला । तर, एक जना निरपराध व्यक्ति अपराधी करार हुन गयो भने त्यो अक्षम्य कमजोरी हुन्छ भन्ने अपराध शास्त्रको मान्यता अनुसार प्रहरी अनुसन्धान अधिकारी हरदम चनाखो भई अनुसन्धान गर्नुपर्ने हुन्छ र मुद्दाको गुत्थि सुल्झाउनु पर्छ । अतः अपराध अनुसन्धानमा प्रविधिको असाध्यै अहम् भूमिका रहेको तथ्य स्पष्ट हुन्छ ।

'अपराध नियन्त्रण'का लागि प्रहरीद्वारा प्रो-एक्टिभ पुलिसिङ अन्तर्गत समुदाय-प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरिएको हुन्छ । यसमा प्रहरीले समुदाय, स्थानीय तह, विद्यालय, नागरिक समाज, सञ्चारकर्मी लगायतसँग हातेमालो गर्दै जनचेतनामूलक कार्यक्रम गरेको हुन्छ । त्यसैगरी सादा पोसाकमा खटिने प्रहरी मार्फत सङ्कलित खबर र अन्य विभिन्न स्रोत र प्रविधि मार्फत प्राप्त खबरलाई सूचना (इन्टेलिजेन्स)मा बदली समाजमा शान्ति, सुरक्षा अमनचयन कायम गर्न प्रहरीद्वारा गस्ती, नियमित तथा आकस्मिक चेकजाँच, गुण्डागर्दी, मादक पदार्थ सेवन (मापसे), लागूपदार्थ सेवन (लापसे), हात-हतियार ओसार पसार, अवैध व्यापार आदि नियन्त्रण गर्ने गरिन्छ ।

'अपराध अनुसन्धान'का लागि प्रहरीद्वारा रि-एक्टिभ पुलिसिङमार्फत कार्य गरिएको हुन्छ । अपराध नहोस्, घटना नघटोस् भनेर हामीले जतिसुकै अथक प्रयास गरे पनि अपराध त हुन्छ नै हुन्छ । तसर्थ, अपराध घटेको घटनास्थलबाट अनुसन्धानको कार्य सुरु हुन जान्छ । अपराधसँग सम्बन्धित सङ्कलित सबुतलाई 'चेन अफ कस्टडी' मेनटेन गरी विधि विज्ञान प्रयोगशालामा लगेर परीक्षण गर्ने गरिन्छ । प्रहरी अनुसन्धान अधिकृतले अनुसन्धानको विविध विधि र प्रविधिको माध्यमबाट सूक्ष्म तवरले अनुसन्धान कार्य सम्पन्न गरी निश्चित समयावधिभित्र रायसहितको अनुसन्धान प्रतिवेदन जिल्ला उच्च सरकारी न्यायाधिवक्ताको कार्यालयमा पठाउने, सरकारी न्यायाधिवक्ताले जिल्ला उच्च अदालतमा मुद्दा दर्ता गरी बहस गर्ने र सम्मानित अदालतबाट न्याय निरूपण हुने विद्यमान कानूनी व्यवस्था छ ।

प्रविधिमैत्री प्रहरी किन आवश्यक छ ?

अपराध नियन्त्रण तथा अनुसन्धान कार्यमा प्रहरीद्वारा गरिने प्रविधिको प्रयोगले कसरी सहजता प्रदान गरेको हुन्छ । अभियुक्तले सम्मानित अदालतमा इन्कारी बयान गर्दासमेत कसरी आधिकारिकता प्रमाणित गर्न सहज हुन्छ । हालै मात्र प्रहरीद्वारा सफल अनुसन्धान भई अदालतमा थुनछेक बहसको क्रममा रहेको मुलुकभर तथा नेपाली डायस्पोरा समेतमा बहु-चर्चित मुद्दामा पनि उच्चतम प्रविधिको प्रयोग भएको स्पष्ट छ ।

मानव अधिकार संरक्षणमा प्रतिबद्ध नेपाल प्रहरी सङ्गठनको हरेक अनुसन्धान अधिकारीले प्रविधिमैत्री भई सूक्ष्म तवरले अनुसन्धान कार्य गर्ने गरेकाले सफल मुद्दाको प्रतिशत समेत बढ्दै आएको पाइन्छ । अनुसन्धान कार्यमा 'नो कर्पोरल पनिस्मेन्ट'को नारालाई सार्थक बनाउन पनि सरकारले प्रहरीलाई यथाशक्य आधुनिक प्रविधियुक्त र तालिम प्रदान गरी दक्ष बनाउनु अपरिहार्य छ । अहिलेको आर्टिफिसियल इन्टेलिजेन्सको दुनियाँमा आधुनिक प्रविधिमैत्री प्रहरीले मात्र जनधनको सुरक्षा यथोचित तवरले गर्न सक्ने र अनुसन्धानमा पूर्ण सफलता हासिल गर्ने परिकल्पना गर्न सकिन्छ ।

प्रविधिको प्रयोगको अवस्था कस्तो छ ?

अनुसन्धान कार्यमा सङ्कलित दशी प्रमाणको परीक्षण सामाखुसीस्थित नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला हुन्छ । उक्त प्रयोगशालामा रहेका विभिन्न ११ वटा शाखाबाट रसायन तथा लागूऔषध, बिस्फोटक पदार्थ, विष विज्ञान, डिएनए, जिव-सिरम विज्ञान, ब्यालेस्टिक, विवादास्पद प्रलेख, भौतिक (फुट प्रिन्ट, सवारी साधनको इन्जिन-चेसिस), फोटोग्राफी, औंला छाप, एफआइएस (अटोमेटेड फिन्गर प्रिन्ट आइडेन्टिफिकेसन सिस्टम) आदि भौतिक सबुत-प्रमाणको वैज्ञानिक परीक्षण एवम् विश्लेषण गरी सम्बन्धित निकायलाई विशेषज्ञ राय उपलब्ध गराई अपराध अनुसन्धान र न्याय सम्पादन कार्यमा सहजीकरण गर्ने गरिन्छ ।

काठमाडौं बाहिर धरानमा विष विज्ञान र लागूऔषध तथा नेपालगञ्जमा विष विज्ञानको परीक्षण गरी सम्बन्धित निकायलाई रायसहितको प्रतिवेदन दिने काम भइरहेको छ । डिजिटल फरेन्सिक ल्याब (डिएफएल)ले कम्प्युटर, फोन लगायत डिजिटल परीक्षण, डाटा रिट्राइभ, विश्लेषण तथा अन्य वैज्ञानिक परीक्षण गरी रायसहितको प्रतिवेदन गर्ने गर्दछ । पोलिग्राफ मेसिनद्वारा शङ्कित व्यक्तिले झुट बोलेको नबोलेको सम्बन्धमा परीक्षण गर्ने गरिन्छ ।

ज्यान सम्बन्धी कसुर लगायत अन्य कारणले भएको मृत्युको कारण पत्ता लगाउन त्रिवि शिक्षण अस्पताल फरेन्सिक विभागमा पोष्टमार्टम गरिन्छ । साथै अन्यत्र जिल्लामा पनि जिल्लास्तरसम्मै पोष्टमार्टम गरिन्छ तर कहिलेकाहीँ विवादित मुद्दाको अनुसन्धान गर्ने कार्य र भयानक दुर्घटनाको कारण भएको दुःखद् मृत्युमा शव पहिचानका लागि भने बाहिर जिल्लाबाट शवलाई त्रिवि शिक्षण अस्पताल फरेन्सिक विभागमा ल्याइन्छ । पोष्टमार्टम गरी परिवारलाई शव बुझाइन्छ ।

२०७९ सालमा पोखरामा भएको यति एयरलाइन्सको जहाज दुर्घटनामा परी दिवङ्गत व्यक्तिका केही शव त्रिवि शिक्षण अस्पताल फरेन्सिक विभागका चिकित्सक पोखरा अस्पतालमै गई पोष्टमार्टमपश्चात् परिवारजनलाई बुझाइयो । धेरैजसो शव फरेन्सिक विभाग महाराजगञ्जमा ल्याई पोष्टमार्टमपछि परिवारजनलाई बुझाइएको थियो ।

काठमाडौं उपत्यकास्थित अति संवेदनशील तथा बढी शङ्कास्पद ज्यान सम्बन्धी कसुरको घटना स्थलमा फरेन्सिक चिकित्सक लगि अपराध अनुसन्धान टिमद्वारा अनुसन्धान गरिन्छ । चिकित्सक नै घटनास्थलमा जाँदा पोष्टमार्टम गर्ने समयमा मृत्युको कारण यकिन गर्न सजिलो हुन्छ । यसले अनुसन्धान कार्यलाई पनि बढी भरपर्दो र विश्वसनीय बनाउँछ ।



चाल-चलन सम्बन्धी प्रहरी प्रतिवेदन नागरिकसँग सम्बन्धित चासोको विषय हुन्छ । केही वर्ष अघिसम्म पुलिस रिपोर्ट लिन कठिन थियो । हाल प्रविधि मार्फत संसारको जुनसुकै कुनाबाट अनलाइन फारम भरेको केही दिनभित्र पुलिस रिपोर्ट प्राप्त गर्न सकिन्छ । यसले संसारभर छरिएर रहेका नेपाली नागरिकले सन्तोषको सास फेरेको अनुभव हुन जान्छ । साथै प्रहरी एप्स मार्फत अपराध भएको, हुन सक्ने जानकारी प्रहरीलाई पठाई १००, १०३ र १०४ मा फोन गरी नागरिकले अपराध नियन्त्रण र अनुसन्धानमा बिना बर्दीको प्रहरीको भूमिका निर्वाह गरेको तथ्य पनि स्मरणीय छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलभित्र आउने विमानमा यात्रा गर्ने यात्रुका लगेज फुटाई गरिने चोरी (पिलफिरेज)ले केही वर्षअघि ठूलै चर्चा पाउने गरेको थियो । २०७५ सालमा उक्त स्थानमा कार्यरत रहँदा सिसिटिभी क्यामेरा लगायत अन्य विविध प्रविधिको प्रयोग गरी पिलफिरेजलाई शून्य बनाउन सफल भइएको थियो । हाल पनि सो सम्बन्धी गुनासो प्रहरी कार्यालयमा आउने गर्दा प्रहरीद्वारा सिसिटिभी फुटेज मार्फत गुनासो सम्बोधन गर्ने गरिएको छ ।

अमेरिका, युरोप लगायत ठूला विमान स्थलबाट आउँदा वाइड बडी विमानमा यात्रा गर्ने हुँदा ह्यान्ड क्यारीमा राखेको बहुमूल्य सामान आफैँसँग रहन जान्छ । ट्रान्जिट रहेका ठुला विमानस्थलबाट काठमाडौं आउने क्रममा न्यारोबडी विमानमा कुनै ह्यान्ड क्यारी नअट्ने हुँदा लगेजसँगै राख्नुपर्ने अवस्था हुन्छ । यस्तो बेलामा ह्यान्ड क्यारीमा रहेको उक्त बहुमूल्य सामान काठमाडौं बाहेक अन्यत्र (ट्रान्जिटमा) नै चोरी हुन जाने सम्भावना अत्यधिक हुने भएकाले यात्रुले सदैव आफ्नो बहुमूल्य सामान आफैँसँग राख्नु बुद्धिमानी हुन्छ ।

ट्राफिक प्रहरीद्वारा सवारी दुर्घटना न्यूनीकरणका तथा अनुसन्धानका लागि विविध प्रविधि प्रयोगमा ल्याइएका छन् । सिसिटिभी क्यामेरा, ट्राफिक लाइट, स्ट्रिट लाइट, रोड साइन एण्ड सिग्नल, रोड मार्किङ्स, राडर गन, लिडार गन, ब्रेथलाइजर, ड्रग्स डिटेक्सन किट, गो प्रो क्यामेरा, भ्वाइस रेकर्डर, सर्भिलेन्स क्यामेरा जडित सवारी साधन, ह्विल लक, चेन लक, म्याजिक लाइटको प्रयोगबाट उपत्यकामा सवारी आवागमनलाई धेरै मात्रामा भए पनि व्यवस्थित गर्न सकिएको छ । उपत्यकाको मुख्य-मुख्य नाकामा भेइकल स्क्यानर लगायत थप प्रविधि भित्र्याउन पहल भइरहेको छ । विभिन्न एप्स मार्फत सवारी जरिबाना तिर्ने कार्यले पनि नागरिकको समयको बचत भएको छ ।

२०६० साल भदौमा लन्डनको सडकमा नो पार्किङमा पार्क गरे ६० पाउन्ड जरिबाना तिर्नुपर्ने, १०औं तले पार्किङ स्थलमा पार्क गरे घण्टाको १० पाउण्ड लाग्ने भएकाले हाम्रा सवारी चालकले एक घण्टा जत्ति नजिकैको सडकमा कार चलाउनु उत्तम विकल्प हुने ठानेका थिए रे । सेन्ट्रल लन्डनस्थित मार्क्स एण्ड स्पेन्सरमा किनमेल पश्चात् हामीलाई लिन आउँदा चालकले सुनाएको घटनासमेत मर्मस्पर्शी रहेको र नियम पालनामा कठोर बन्नु नै पर्ने आवश्यकताको महशुस यहाँ पनि भएको छ ।

सुधार गर्नुपर्ने स्थान जहाँ पनि सदैव हुन्छ । आधुनिक प्रविधिको उच्चतम् प्रयोगबाट अपराध नियन्त्रण र अनुसन्धान कार्यमा सदैव हातेमालोका लागि सम्बद्ध सम्पूर्ण निकाय सबल-सक्षम हुनु पर्छ । यसो गर्न सकिए मात्र 'सुरक्षा र विकास' 'सुरक्षा र सुशासन' सँगसँगै भन्ने नारा सार्थक हुन जाने अपेक्षा गर्न सकिन्छ ।

(मैनाली प्रहरी वरिष्ठ उपरीक्षक तथा काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता हुन् ।)

एनसेलको अनलिमिटेड भ्वाइस प्याक

Ncell

काठमाडौं, असार ५। एनसेलका सबै ग्राहकले अब नेपालका कुनै पनि मोबाइल नम्बरमा कल गर्न मिल्ने अनलिमिटेड अल-नेटवर्क र एनसेलकै नम्बरमा कल गर्न मिल्ने अनलिमिटेड टकटाइमका प्याकबाट फाइदा लिन सक्ने बताइएको छ ।

एनसेल आजियाटा लिमिटेडले ग्राहकहरुको सञ्चार सेवाको आवश्यकतालाई ध्यानमा राख्दै अझै सुलभ दरमा सेवा लिन सकिने गरी तीन अनलिमिटेड भ्वाइस प्याकहरु सञ्चालनमा ल्याएको हो ।

प्रिपेड र पोष्टपेड दुबै सेवाका ग्राहकले प्रयोग गर्न सक्ने यी अनलिमिटेड टकटाइम रहेका प्याकहरु जेठ ३२ गतेबाट सञ्चालनमा आएका हुन् । आफ्नो भ्वाइस सेवाको आवश्यकता अनुसार ग्राहकले एक दिने अल-नेट अनलिमिटेड भ्वाइस प्याक, एक दिने अन-नेट अनलिमिटेड भ्वाइस प्याक वा सात दिने समयासिमा रहेको अन-नेट अनलिमिटेड भ्वाइस प्याक लिन सक्छन् ।

एक दिने अल-नेट अनलिमिटेड प्याक अन्तर्गत ग्राहकले करसहित मात्र २५ रुपैयाँमा बिहान ५ बजेदेखि साझँ ५ बजेसम्म नेपालका देशका कुनै पनि मोबाइल नेटवर्कका नम्बरहरुमा अनलिमिटेड भ्वाइस सेवाको फाइदा लिन सक्छन् । ग्राहकहरुले सजिलै एष्ट्रिक्स १७११८ एष्ट्रिक्स १ एष्ट्रिक्स ५ ह्यास डायल गरि यो प्याक लिन सक्छन् ।

त्यसैगरी एष्ट्रिक्स १७११८ एष्ट्रिक्स ३ एष्ट्रिक्स ४ ह्यास डायल गरी एनसेलका अन्य नम्बरहरुमा २४ घन्टासम्म अनलिमिटेड कल गर्न सकिने एक दिने अन-नेट अनलिमिटेड टकटाइम करसहित मात्र ३० रुपैयाँमा सुचारु गर्न सक्छन् ।

एनसेलका अन्य नम्बरहरुमा कुराकानी गर्नका लागि धेरै टकटाइम आवश्यक भएका ग्राहकहरुले ७ दिन समयावधि रहेको अन-नेट अनलिमिटेड प्याक लिन सक्छन् । यो प्याकको करसहित एक सय ५० रुपैयाँ पर्दछ । ग्राहकले एष्ट्रिक्स १७११८ एष्ट्रिक्स ४ एष्ट्रिक्स ३ ह्यास डायल गरी यो प्याक सुचारु गर्न सक्छन् ।

आफ्ना ग्राहकहरुलाई सुलभ दरमा सेवा प्रदान गर्ने कम्पनीको प्रतिवद्धता अनुसार यी अनलिमिटेड भ्वाइस प्याकहरु ल्याइएको एनसेलले जनाएको छ । अल-नेट होस् वा अन-नेट जुनसुकै नेटवर्कमा सहजै सम्पर्कमा रहिरहन यी प्याकहरुले ठूलो महत्व राख्ने विश्वास एनसेलले राखेको छ ।

ज्येष्ठ नागरिक सम्मान

मेचीनगर, असार ५। मेचीनगर नगरपालिका उपप्रमुख मीना पोखरेल उप्रेतीले ज्येष्ठ नागरिक 'जिउँदा देवता' भएकाले वर्तमानमा जे, जति उपलब्धी भएको छ, ती सबैका हकदार ज्येष्ठ नागरिक नै रहेको स्पष्ट पारेकी छिन् ।

मेचीनगर वडा नम्बर ३ ले आयोजना गरेको ज्येष्ठ नागरिक सम्मानलाई गर्दै उनले बाल्यवस्था जस्तै वृद्धावस्थामा पनि माया, ममता, स्नेह र आधारभूत आवश्यकतामा परनिर्भर हुने बताइन् ।

उपप्रमुख उप्रेतीले मनिसले बालक, किशोर, युवा र वृद्ध गरी चार कालको जीवन भोग्नुपर्ने बताउँदै मानव जीवनमा सबैभन्दा माया र प्रेरणा पाउने अवस्था भनेको बाल्यकाल हो भने चञ्चले र रमाउने अवस्था किशोरावस्था हो अनि जिम्मेवारीको पोको बोकेर अवसर र चुनौतिको सामना गर्दै दौडिने अवस्था हो युवावस्था, भने त्यही युवावस्थाको रोजाई र भोगाईबाट खारिँदै मानिस वृद्धावस्थामा पुग्ने स्पष्ट पारिन् ।

वडाध्यक्ष हर्क बस्नेतको सभापतित्वमा कार्यक्रम भएको थियो । कार्यक्रममा वडाभरिका ७५ वर्ष उमेर माथिका एक सय ५० ज्येष्ठ नागरिकलाई सम्मान गरिएको थियो । प्रमुख अतिथि उप्रेती, वडाध्यक्ष बस्नेत लगायतले सबैलाई दोसल्ला पहिर्‍याएर अविर टीका लगाउँदै सम्मान गरेका थिए । कार्यक्रमको सञ्चालन वडा सदस्य खेम लिम्बूले गरेका थिए ।

भारतमा अत्यधिक गर्मी भएपछि...

झापा, असार ५। भारतको उत्तर प्रदेश र त्यससँग जोडिएको राज्य बिहारमा पछिल्लो तीन दिनमा भीषण गर्मीका कारण मृत्यु हुनेको संख्या ९८ पुगेको स्थानीय अधिकारीले बताएका छन् ।

गर्मीका कारण उत्तर प्रदेशमा ५४ जनाको मृत्यु भएको छ भने बिहारमा ४४ जनाको मृत्यु भएको छ । अधिकारीहरुका अनुसार गर्मीका कारण बिरामी परी मृत्यु भएका अधिकांश व्यक्ति ६० वर्षभन्दा माथिका रहेका बताइएको छ ।

भारतीय मौसम विज्ञान विभाग (आईएमडी)को तथ्याङ्क अनुसार शुक्रबार र शनिबार देशका केही भागमा अधिकतम् तापक्रम ४२.२ डिग्री सेल्सियस पुगेको थियो । यो सामान्यभन्दा ४.७ डिग्री सेल्सियस बढी हो ।

उत्तर प्रदेशको सबैभन्दा बढी प्रभावित जिल्ला बलिया हो । बलियाका प्रमुख स्वास्थ्य अधिकारीलाई उद्दत गर्दै स्थानीय सञ्चारमाध्यमले लेखेका छन्- 'सबै व्यक्ति केही न केही रोगबाट पीडित थिए र अत्यधिक गर्मीका कारण उनीहरुको अवस्था बिग्रिएको थियो ।'

यस बाहेक बलियाको एक जिल्ला अस्पतालमा पछिल्लो तीन दिनमा कम्तीमा ४०० जनालाई भर्ना गरिएको उनले बताए । गर्मीका कारण ज्वरो आउने, सास फेर्न गाह्रो हुने र अन्य स्वास्थ्य समस्या देखिएको बिरामीले गुनासो गरेका थिए । जिल्ला प्रशासनका अनुसार बिरामी र कर्मचारीलाई गर्मीको जोखिम हुन नदिन सरकारी अस्पतालमा पङ्खा, एयरकुलर र एयर कन्डिसनरको व्यवस्था गरिएको छ ।

ध्वजे डाँडामा २२ देशको झण्डा

धनकुटा, असार ५। पर्यटकलाई आकर्षित गर्न धनकुटाको साँगुरीगढी गाउँपालिका-५ स्थित ध्वजे डाँडामा सार्क राष्ट्रसहित विश्वका विभिन्न २२ देशको झण्डा राखिएको छ ।

गाउँपालिकाले एक कार्यक्रम गरेर अध्यक्ष जितेन्द्र रुम्दाली राईसहित २२ जना अतिथिबाट एकै साथ झण्डा फहराइएको छ ।

झण्डोत्तोलन गर्दै अध्यक्ष राईले पर्यटकहरूलाई आफ्नो देशको झण्डा मार्फत आकर्षित गरेर पर्यटन प्रवर्द्धन गर्न झण्डाहरू राखिएको जानकारी दिए । आगामी दिनमा यस स्थानमा बाँकी भएका संसारका सबै देशका झण्डा पनि राखिने उनले जानकारी दिए ।

पर्यटन मन्त्रालयको पाँच लाख रुपैयाँ, गाउँपालिकाको एक लाख २५ हजार र जनसहभागितामा उक्त झण्डा राखिएको हो । सूर्योदय हेर्न र घरबास सेवा (होमस्टे)का लागि प्रख्यात यो स्थान समुद्री सतहबाट दुई हजार एक सय मिटरको उचाइमा रहेको छ । पूर्वी नेपालका हिमाल, पहाड र तराईका दृश्यहरू हेर्न सकिने ध्वजे डाँडा पूर्वी नेपालको सीमाङ्कनमा अक्षांश र देशान्तर निर्धारण गर्नका लागि आधार मानिन्छ ।

शिवसताक्षीमा कांग्रेसद्वारा बजेट पुनर्विचार गर्न माग

विनोद सापकोटा

भिलभिले, असार ५। नेपाली कांग्रेस शिवसताक्षीले नगर प्रमुख मेघाहाङ थोप्रालाई ध्यानाकर्षण पत्र बुझाउँदै आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि प्रस्तुत हुन लागेको बजेट पुर्नविचार गर्न माग गरेको छ।

'नगरबासीलाई सुशासनको प्रत्याभूति दिन नगरप्रमुखको सकारात्मक पहलकदमी हुने कुरामा नेपाली कांग्रेस विश्वस्त छ' -ध्यानाकर्षण पत्रमा भनिएको छ। नगर प्रमुख थोप्राको कार्यकक्षमा पुगेर नगर सभापति अशोक बस्नेत नेतृत्वको प्रतिनिधि मण्डलले १८ बुँदाको ध्यानाकर्षण पत्र बुझाएको थियो।

आगामी आ.व. २०८०/०८१ को योजना तथा कार्यक्रम छनौट गर्दा नगर प्रमुखले एकलौटी ढंगले नगरको बजेट केन्द्रिकृत गरेको आरोपमा नेपाली कांग्रेस पहिलो पटक नगर प्रमुखको कार्यकक्षमा पुगेको हो। स्थानीय आवश्यकताहरुलाई प्राथमिकताका आधारमा छनौट गरी जनताका समस्याहरुलाई सम्बोधन गर्न सबै वडा तथा टोलहरुमा न्यायोचित र समानुपातिक ढंगबाट बजेट विनियोजन गर्न नेपाली कांग्रेसले ध्यानकर्षण पत्र मार्फत माग गरको छ।

'एमालेबाट निर्वाचित जनप्रतिनिधिको बहुमतको आडमा ल्याउन लागिएको बजेटले यस नगरपालिकालाई समृद्ध बनाउन नसक्ने कांग्रसको

ठहर छ' -ध्यानाकर्षण पत्रमा भनिएको छ। आगामी आ.व.२०८०/०८१को बजेट शिवसताक्षी नगरमा निरंकुश तरिकाले ल्याउन लागिएको कांग्रेसले ध्यानाकर्षण पत्र मार्फत आरोप लगाएको छ।

कतिपय बजेटका शीर्षकहरु स्वार्थ समूहमा केन्द्रित र व्यक्ति केन्द्रित समेत भएको नेपाली कांग्रेसले गम्भीर आरोप लगाएको छ। शिवसताक्षी नगरपालिकाको नगर बोर्डले पारित गरेको ०८०/०८१ को बजेट नगरको विकासमा योगदान पुऱ्याउन नसक्ने ठहर गरी उक्त बजेटलाई लोकतान्त्रिक न्यायोचित र विकेन्द्रित वितरण प्रणालीको रुपमा शुद्धीकरण गर्न र सच्याउन नेपाली कांग्रेसले नगर प्रमुखसँग माग गरेको हो। नगरको बोर्ड बैठकले गएको असार ३२ गते बहुमतले बजेट पास गरेको थियो।

नगरका ११ वडाहरु मध्ये पाँच जना वडाध्यक्षले विनियोजन बजेट प्रति असहमति जनाउँदा जनाउँदै बहुमतबाट पारित गरिएको प्रक्रियाप्रति नेपाली काग्रेसले असन्तोष जनाएको छ। वडा नं. ३ का भास्कर न्यौपाने, ६ का मनोज खुलाल, ७ का भवानी चेम्जोङ, ८ का सन्तकुमार फेउदिन र ९ का डिल्ली फेम्बोले बजेटमाथि फरक मत राखेका थिए।

वर्षको ७५ लाख वडा सिलिङ बजेटलाई खुम्च्याएर ६० लाख मात्र वितरण गर्नु न्याय सम्मत नभएको कांग्रेसको गुनासो छ। तर, २० लाख वडा विशेष बजेटमा विनियोजन बोर्डले गरेको छ। यो अंकलाई वृद्धि गरी ४० लाख पुऱ्याउन नगर प्रमुखको ध्यानाकर्षण नेपाली कांग्रेसले गराएको छ। बजेट निर्माणमा सरोकारवाला समूह, स्थानिय पार्टी प्रतिनिधि र विज्ञ समूहसँग विभिन्न प्रकारका अन्तरक्रिया, विकासमा जनताको सहभागिता र अपनत्वको आभाष हुने वातावरण तयार गर्न नगर प्रमुखसँग माग गरेका छन्।

गरीब तथा जेहेन्दार विद्यार्थीलाई एमबिबिएस अध्ययन गर्न छात्रवृत्ति, राष्ट्रिय स्तरका खेलाडीलाई प्रोत्साहन र पुरस्कृत, नगरपालिकाभित्र स्थायी बसोबास गर्ने नागरिकको मृत्यु हुँदा मृत्यु संस्कार खर्च बापत रु. २५ हजार रकम प्रदान गर्ने आवश्यक बजेटका प्रबन्ध गर्न पनि नेपाली कांग्रेसले ध्यानाकर्षण पत्रमा उल्लेख गरेको छ।

विज्ञान र कानून अध्ययन गर्ने विद्यार्थी नगर बाहिर जानुपर्ने समस्याको दिर्घकालीन समाधान गर्न पार्टीले अनुरोध गरेको छ। नगरका सामुदायिक विद्यालयमा पर्याप्त पूर्वाधार छ। ती पूर्वाधारको अधिकतम् उपयोग गरेर विज्ञान र कानूनका कक्षा सञ्चालन गर्न नेपाली कांग्रेसले माग गरेको छ।

क्यान्सर पीडित, मृगौला, पक्षघात जस्ता गम्भीर प्रकृतीका विरामीलाई मासिक पाँच हजार, औषधि उपचार खर्च दिन पनि नेपाली कांग्रेसले नगर प्रमुखको ध्यानाकर्षण गराएको छ।

प्रादेशिक अस्पतालमा छैन रेबिजबिरुद्धको भ्याक्सिन

भद्रपुर, असार ५। भद्रपुरस्थित प्रादेशिक अस्पतालमा दुई हप्तादेखि रेबिजबिरुद्धको भ्याक्सिन अभाव हुँदा बिरामीहरू भ्याक्सिन नलगाई फर्किन बाध्य भएका छन्।

कोशी प्रदेश सरकारसँगै रेबिजबिरुद्धको भ्याक्सिन अभाव हुँदा अस्पताल प्रशासनले गत जेष्ठ २३ गते नै भ्याक्सिन सेवा बन्द गरिएको भनी सूचना टाँस गरी बिरामीहरूलाई जानकारी गराइसकेको अस्पतालका सूचना अधिकारी मनोज पोखरेलले जानकारी दिए।

अस्पतालमा मासिक पाँच सय भ्याक्सिन खपत हुन्छ। '१५ दिनदेखि अस्पतालमा भ्याक्सिन छैन' -सूचना अधिकारी पोखरेलले भने- 'अस्पतालले कोशी प्रदेश सरकारसँग भ्याक्सिन माग गरेपछि त्यहाँ पनि नरहेको जानकारी आयो।' प्रदेश सरकारले खरिद गरेपछि मात्र अस्पताललाई भ्याक्सिन पठाउने र अनि मात्र पुनः सेवा सुचारु हुने उनले बताए।

संक्रमित कुकुर, अन्य कुनै घरपालुवा तथा जङ्गली जनावरले टोके लगत्तै रेबिज रोगविरुद्धको भ्याक्सिन स्वास्थ्य संस्थामा गएर बिरामीले लगाउनुपर्छ। अहिले जिल्लाकै सबैभन्दा ठूलो सरकारी अस्पतालमा भ्याक्सिन नहुँदा बिरामीहरू समस्यामा परेका छन्।

रेबिज एक किसिमको भाइरसले लाग्ने रोग हो। यो भाइरस रगत र लिम्फबाट नभई छालामुनिको भित्री तन्तु र मांसपेशी हुँदै परिधीय स्नायु, मेरुदण्ड र अन्त्यमा गिदीसम्म पुग्दछ। गिदीमा सङ्क्रमण भएपछि मात्र विशेष लक्षणहरू देखिन्छन्। यो रोग लागेपछि बिरामीलाई बचाउन गाह्रो हुन्छ।

गौरादहमा मेलमिलाप तालिम

गौरादह, असार ५। मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग) इलाम र गौरादह नगरपालिका झापाको संयुक्त आयोजनामा आठ दिने मेलमिलाप सम्बन्धी तालिम सम्पन्न भएको छ।

न्यायिक समिति मार्फत विवाद समाधान गर्न गराउन तथा विवादहरुलाई मेलमिलाप केन्द्र मार्फत विवाद समाधान गर्ने गरी तालिम प्रदान गरिएको थियो।

आठ दिनमा ३२ सेसन सञ्चालन रहेको तालिममा मेलमिलाप आवश्यक सिपहरु, सहजीकरण सिपहरु, कानूनी तथा न्यायिक पक्षहरु, मानव अधिकार, विवाद समाधानका तरिकाहरु, स्थानीय तहमा न्यायिक अधिकारको प्रयोग, मेलमिलाप सम्बन्धी ऐन र नियामावली, मेलमिलापकर्ताको भूमिका र दायित्वहरु, मेलमिलापमा प्रसंशनीय दृष्टिकोणको परिचय, बहु सरोकार रहेको विवाद मेलमिलाप लगायतका विषयमा सहजीकरण गरिएको थियो।

तालिमको सहजीकरण अधिवक्ताहरु केशव धौराली, प्रकाश अधिकारी, भीमबहादुर कार्की, प्रदिप अधिकारी, लक्ष्मी निरौला, विमलकुमार दहाल, प्याग अध्यक्ष सटेन्द्र जबेगु, पूर्व अध्यक्ष डम्बर बस्नेत लगायतले गरेका थिए।

न्यायिक समिति संयोजक तथा गौरादह नगरपालिका उपप्रमुख जलबर्षा राजवंशीको अध्यक्षतामा भएको तालिम समापन कार्यक्रममा २५ जना सहभागीहरुलाई ४८ घण्टा तालिम सम्पन्न गरिएको प्रमाणपत्र प्रदान गरिएको थियो।

कार्यक्रममा उपप्रमुख राजवंशी, प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भट्टराई, प्याग नेपाल महासचिव प्रदिप अधिकारी, सहभागीहरु चन्द्रबहादुर खड्का र तुलसा भुजेलले मन्तव्य राखेका थिए।

घरजग्गा बिक्रीमा

झापाको अर्जुनधारा-४ भाडबारी चिउरा मिल नजिक लक्षपुरबाट साधुटार जोड्ने पिच बाटोबाट २०० मिटरभित्र रहेको १ कठ्ठा जग्गामा बनेको टिनको छाना भएको घर तु-बिक्रीमा छ।

सम्पर्क : ९८०६०७९३३३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०७०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।

विशाल हरिजन
९८२४९९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५

नोटः आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ढलक भएमा सर्भिसको व्यवस्था छ।

इ-साइकल र स्कुटी

ब्याट्रीबाट चल्ने स्कुटी र साइकल

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-

जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
9817949745, 9802742456

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

विशेष उपचार अब बिर्ता आयुर्वेदमा

ढाड, कम्मर, गर्दन, प्यारालाइसिस, पायल्स, फिस्टुला, ग्यास्ट्रिक, पिनास, कोलेस्ट्रोल, पत्थरी, जन्डिस लगायत सम्पूर्ण रोगको उपचार।

सम्पर्क
बिर्ता आर्युवेद एण्ड फिजियोथेरापी सेन्टर
बिर्तामोड, राजगढ स्टेण्ड दक्षिण
फोनः ०२३-५३२३६६, ५९०१६६
मोबाइल : ९८०६०००३१३

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ६ का खेमबहादुर बेघा समेत कि.नं. ८४४३ को ज.वि. ०-०-९ क्षेत्रफल जग्गामा निर्माण भएको आरसीसीको स्थलगत सर्जमिन गर्न जाँदा तपाई निम्नानुसारका संधियार अनुपस्थित भएकोले निवेदकको घरले संधियार, सार्वजनिक सम्पत्ति हानी-नोक्सानी हुन्छ/हुँदैन, हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ। अन्यथा नियमानुसार काम, कारवाही हुने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

निम्न

दिशा	संधियारको नाम, थर	सर्जमिन मिति	नक्सा दर्ता मिति	कैफियत
पूर्व पश्चिम उत्तर दक्षिण	श्री शुशिला नेपाल श्री यसोदादेवी राई श्री गणेशनाथ बाँस्तोला श्री बाटो	२०८०/०३/०३	२०८०/०१/२१	

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ६ का खड्गकुमारी पराजुली कि.नं. ८७०६ को ज.वि. ०-३-६.७५ क्षेत्रफल जग्गामा निर्माण भएको आरसीसीको स्थलगत सर्जमिन गर्न जाँदा तपाई निम्नानुसारका संधियार अनुपस्थित भएकोले निवेदकको घरले संधियार, सार्वजनिक सम्पत्ति हानी-नोक्सानी हुन्छ/हुँदैन, हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ। अन्यथा नियमानुसार काम, कारवाही हुने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

निम्न

दिशा	संधियारको नाम, थर	सर्जमिन मिति	नक्सा दर्ता मिति	कैफियत
पूर्व पश्चिम उत्तर दक्षिण	श्री बेनु आचार्य श्री खड्गकुमारी पराजुली श्री बाटो श्री बाटो	२०८०/०३/०३	२०७९/१२/०८	

परिवर्तनसहितको प्रवन्ध पत्र/ नियमावली संशोधन अभिलेख बारेको सूचना

नामः लालिगुराँस एजुकेशन एकेडेमी फर अल (प्रा.लि. नं. ८१८६६)
बुद्धशान्ति गाउँपालिका-५, झापा, १

त्यस कम्पनीको मिति २०७९।११।३० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनीको सावित नाम (जनक एजुकेशन फाउण्डेशन प्रा. लि.) मा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम (लालिगुराँस एजुकेशन एकेडेमी फर अल प्रा.लि.) को कम्पनीले सकार्ने व्यहोर्ने साथै कम्पनीको नाम परिवर्तनको सम्वन्धमा ३० (तीस) दिनभित्र राष्ट्रियस्तरको पत्रपत्रिकामा ३ पटक सार्वजनिक सूचना प्रकाशन गरी सोको प्रति यस कार्यालयमा पठाउने र कम्पनीको लेटर हेडमा तलपट्टी सावित कम्पनीको नाम कम्तीमा १ वर्षसम्म उल्लेख गर्ने साथै नामका सम्वन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गर्न स्वीकृति प्रदान गरिएको छ।

साथै कम्पनीको सोही निर्णय बमोजिम प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १मा गरेको संशोधनलाई सम्बन्धित निकायको पूर्व स्वीकृति लिएर मात्र कार्यान्वयन गर्ने शर्तमा अभिलेख गरी अभिलेखित संशोधनको १ प्रति यसै साथ पठाइएको व्यहोरा मिति २०७९।१२।१३को निर्णयानुसार जानकारी गराइन्छ।

सावितको नाम – जनक एजुकेशन फाउण्डेशन प्रा. लि.
परिवर्तित नाम – लालीगुराँस एजुकेशन एकेडेमी फर अल प्रा. लि.
बोधार्थ
श्री आन्तरिक राजश्व कार्यालय, झापा।

संगीता चौलागाईः सहायक रजिष्ट्रार

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा, कोशी प्रदेश नेपाल

जग्गा वर्गीकरण सम्बन्धी सूचना

मिति : २०८०।०१।०९

बिर्तामोड नगरपालिका भूउपयोग परिषद्को मिति २०७९।१२।२१ गते बसेको बैठकले बिर्तामोड नगरपालिका वडा नं.-६ को जग्गाको वर्गीकरण भू-उपयोग ऐनको दफा ४ तथा भू-उपयोग नियमावली २०७९ को नियम ५ मा भएको व्यवस्था अनुसार जग्गा वर्गीकरण गर्ने निर्णय भएको हुँदा भूउपयोग नियमावली २०७९ को नियम ५ को उपनियम ६ बमोजिम यससँग सम्बन्धित सम्पूर्ण विवरण सम्बन्धित सबैको जानकारीका लागि कार्यालयको वेवसाइटमार्फत प्रकाशन गरिएको छ। साथै विवरणमा उल्लेख भए अनुसार आवासीय तथा व्यवसायिक क्षेत्रको रुपमा वर्गीकरणमा रहेका जग्गामध्ये कोही जग्गाधनी कृषि क्षेत्रमा जान इच्छुक भएमा बिर्तामोड नगरपालिकाको कार्यालयमा ७ दिनभित्र लिखितरुपमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ। साथै बिर्तामोड नगरपालिका भूउपयोग परिषद्को मिति २०७९।१२।२१ को बैठकबाट वडा नं. ६ को जग्गाको वर्गीकरण गर्दा गिरीबन्धु टी-इस्टेटको नाममा दर्ता श्रेष्ता कायम रहेको जग्गा सट्टापट्टा सम्बन्धमा नेपाल सरकारबाट भएको निर्णयउपर सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधीन अवस्थामा रहेकाले हाललाई उक्त टी-इस्टेटको जग्गाहरुलाई वर्गीकरणमा समावेश नगर्ने भन्ने निर्णय भएको हुँदा यो सूचनामा गिरीबन्धु टी-इस्टेटको नाममको कुनै जग्गा परेको भए तापनि यसलाई वर्गीकरण भएको मानिने छैन।

नोट : १) नगरपालिकाले कृषि क्षेत्रमा वर्गीकरण हुने जग्गामा मालपोत/भूमिकर लागू गर्ने छ भने अन्य (व्यवसायिक, आवासीय, औद्योगिक) क्षेत्रमा वर्गीकरण भएका जग्गामा सम्पत्ति कर लागू गर्ने छ।
२) यस सम्बन्धी विस्तृत विवरण कार्यालयको वेवसाइट www.birtamodmun.gov.np मा तथा सम्बन्धित वडा कार्यालयमा हेर्न सकिने छ।
३) निवेदनसहित पेश गर्नु पर्ने कागजातहरु :
क) जग्गाधनी दर्ता प्रमाणपको प्रतिलिपि ख) मालपोत तिरेको रसिद
ग) नागरिकताको प्रतिलिपि
घ) फायल नक्शा र वार्ड नक्शा।

बिनोदकुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन्।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तम सिद्धी रहेको छ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्चिलो योग रहेको छ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइनेछ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
आज मनमा खटपटी पैदा हुनेछ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नु होला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, धैर्य रहनुहोला।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
आज शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार गर्नुहोला, धार्मिक गतिविधि बढेर जानेछ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, मन प्रसन्न रहला।